# पाल्पाका रणदल पांडे र भारतीय डाँका गिरफ्तारी सन्दर्भ

डा. भवेश्वर पंगेनी*

नेपाल एकीकरणको पूर्व सन्ध्यामा पाल्पा चौवीसी क्षेत्र अन्तर्गतको एउटा छुट्टै राज्य थियो ।[१] विक्रमको सोह्रौं शताब्दीको उत्तरार्द्धतिरदेखि यहाँ सेनवंसी राजाले शासन गर्न थालेका थिए । यस वंशका दोश्रा राजा मुकुन्द सेन 'प्रथम' ले वि.सं. १५७५ देखि १६१० सम्म शासन गरेका थिए । यसै समयमा उनले पाल्पा राज्यलाई विस्तार गरी पूर्वमा दूधकोशीसम्म पुऱ्याएका हुन् ।[२] तर उनले विजय गरेको यो विशाल क्षेत्रलाई उनका छोराहरूले विभाजन गरेको देखिन्छ । उनको मृत्युपछि जेठा छोरा विनायक सेनले वुटवल, माहिला मणिक्य सेनले पाल्पा, साहिला भृङ्गी सेनले तनहूँ र कान्छा लोहाङ्ग सेनले मकवानपुरलाई स्वतन्त्र राज्यका रुपमा शासन गर्न लागे ।[३] एउटै सेन राज्य विभिन्न स-साना राज्यहरूमा विभाजित गरिए तापनि पाल्पा राज्यको हैसियतमा कमि भने आएन । वि.सं. १८३९ मा पाल्पाली सेन राजा बाबु मुकुन्द सेन 'द्वितीय' को मृत्यूपछि उनका जेठा छोरा महादत्त सेन राजा बनेका थिए ।[४] उनको समयमा गुल्मी, अर्घा र खाँची पनि पाल्पा राज्य अन्तर्गत नैरहेका थिए । राजा महादत्त सेनको सिमावर्ती भारतीय राज्य अवधसँग राम्रो सम्बन्ध थियो । त्यसैकारण अवधका नवाव आसफुद्दौलाले मधेसको ठूलो भूभाग कम तिरो तिर्ने गरी महादत्त सेनलाई जागिरका रुपमा दिएका थिए ।[५] यसप्रकार नेपाल एकीकरणको पूर्वसन्ध्यामा पाल्पा राज्यको सीमाना दक्षिणतर्फ गोरखपुरसम्म पुगेको थियो भने पूर्व र उत्तरतर्फ कालीगण्डकी अर्थात् कास्कीराज्यसँग जोडिएको थियो। पाल्पा राज्य अन्तर्गत तराईका कतिपय भूभाग पनि पर्ने भएकोले यसको आर्थिक अवस्था राम्रो थियो । त्यतिमात्र नभएर अवधसँगको सुसम्बन्धका कारण यसको शक्ति पनि त्यति नै सशक्त मानिन्थ्यो । यस्तो अवस्थामा पाल्पाको सहयोग नपाएका खण्डमा पश्चिमी नेपालको एकीकरण कार्य असम्भवप्रायः ठानेर नै नायक बहादुर शाहले त्यहाँका राजा महादत्त सेनकी छोरी राजकुमारी विद्यालक्ष्मीसँग वि.सं. १८४२ माघ १० गते विवाह गरेका हुन् ।[६] यो वैवाहिक सम्बन्धसमेतबाट ज्वाइ बहादुर शाहलाई नेपालको एकीकरण अभियानमा अव पाल्पाले पनि सघाउने भयो । पाल्पाको सहयोगबाट नै नायक बहादुर शाहले सजिलैसँग पर्वतलगायत चौवीसीमात्र नभएर वाइसीराज्यहरूसमेत विजय गरी नेपालको सिमाना पश्चिममा सतलजसम्म पुऱ्याउन सफल भएका हुन् । यो पश्चिमी विजयाभियानमा पाल्पालाई पश्चिमी राजधानीका रुपमा प्रयोग गरियो । त्यसैकारण पाल्पाको महत्व अझ बढ्न गयो । यति

* डा. भवेश्वर पंगेनी, इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं नेपाल ।

१. फ्रान्सिस बुचानन हेमिल्टनन एम.डी., एन एकाउन्ट अफ द किङ्गडम अफ नेपाल, न्यू दिल्ली: ई.सं. १८६, पृ. २३८ ।

२. शंकरमान राजवंशी (सम्पा.), सेन वंशावली, काठमाडौं: श्री ५ को सरकार पुरातत्व विभाग, वि.सं. २०४०, पृ. २४ ।

३. हेमिल्टन, पाद टिप्पणी नं. १, पृ. १३०-१३१ ।

४. विष्णुप्रसाद घिमिरे, पाल्पा राज्यको इतिहास (भाग-१), चितवन: श्रीमती पदमा घिमिरे, वि.सं. २०४५, पृ. ४८ ।

५. काशीप्रसाद श्रीवास्तव, नेपालका इतिहास, दिल्ली: आत्माराम एण्ड सन्स, ई.सं. १९८६, पृ. ८४ ।

६. घिमिरे, पाद टिप्पणी नं. ४, पृ. ५१ ।

भए तापनि बहादुर शाहले पाल्पालाई भने एकीकृत नेपालमा विलय गरेनन्, बरु आफ्नो अभियानलाई सघाएको इनामस्वरुप कतिपय राज्यलगायत उपहारहरू पनि दिएका थिए ।[७]

वयस्क भएका राजा रणबहादुर शाहले आफै मुलुकको शासन संचालन गर्न लागेका समयमा पनि पाल्पा स्वतन्त्र राज्यका रुपमा नै रहेको थियो । केही बर्षमात्र राज्य संचालन गरेका रणबहादुर शाहले वि.सं. १८५५ साल फागुन सुदि २ रोज ६ का दिन एउटा ताम्रपत्रद्वारा आफ्ना १७ महिनाका छोरा गीर्वाणयुद्धविक्रम शाहलाई राजगद्दी सुम्पेर आफूले सन्यास लिएका हुन् ।[८] नावालक छोरालाई राजा बनाएपछि भारदारहरू वीच भएको सत्ता संघर्षकै परिणास्वरुप स्वामि महाराज रणबहादुर शाह बनारस जान बाध्य भएका थिए । साथमा भएका भीमसेन थापाको सहयोगमा उनी चार बर्षजतिपछि वि.सं. १८६० सालमा काठमाडौं फर्कन सकेका हुन् । रणबहादुर शाह काठमाडौं फर्कनासाथ पाल्पा राज्यलाई नेपालमा मिलाउनका लागि वि.सं. १८६१ जेठ ४ गते अमरसिंह थापा (भीमसेन थापाका बाबु) र दलभञ्जन पांडेलाई आवश्यक तयारिका साथ त्यसतर्फ खटाइयो ।[९] उनीहरूले पाल्पालाई नेपालमा गाभ्न सफल भए । यसप्रकार कुनै ठूलो लडाई नै नगरी पश्चिमी नेपालको राजधानीका रुपमा रहेको पाल्पा वि.सं. १८६१ सालमा नेपालमा विलय हुन गयो ।[१०]

एकीकृत नेपालमा मिलाइएपछि पनि पाल्पाको महत्वमा कमी भने आएन । पश्चिम नेपालको प्रशासनमा पाल्पाले ठूलो भूमिका निर्वाह गर्न सक्दथ्यो । यही यथार्थतालाई ध्यानमा राखेर नै अव पाल्पा गौंडा अर्थात् जिल्लाको प्रशासन संचालनका लागि तत्कालिन मुख्तियार, जनरल, काजी वा शासक आफैले आफ्ना विश्वासिला व्यक्तिलाई त्यहाँ पठाउन थाले । यसै सन्दर्भमा भीमसेन थापाको समयमा उनकै बाबु अमरसिंह थापा, विश्वासिला भतिजा उजीरसिंह थापा तथा भाइहरू वक्तावरसिंह थापा र रणवीरसिंह थापाहरूलाई प्रशासक बनाएर पाल्पा पठाइएको थियो ।[११] उल्लेख्य कुरो के पनि छ भने ई.सं. १८१४-१८१६ मा बुटवलबाट नेपाल-अंग्रेज कमाण्डर जनरल उड (मेजर जनरल सुलिभान उड)[१३] लगायत उनका सैनिकलाई पराजित गर्न सफल उजीरसिंह थापाहरू पनि पाल्पा गौंडाका प्रशासक नै थिए ।[१४]

३१ बर्षसम्म शासनमा हालिमुहाली गरेका जनरल भीमसेन थापाको ई.सं. १८३७ जुलाई (वि.सं. १८९४) मा पतन भएको थियो ।[१५] उनलाई पदच्युत गरिएपछि मुलुकको शासनव्यवस्थामा पांडेहरूको प्रभाव पर्न गयो । फलस्वरुप पाडे वंशका नेताका रुपमा रहेका रणजंग पांडे दरवारीया राजनीतिमा प्रभावशाली बन्न पुगे । सम्भवतः यसै मौकाको फाइदा उठाएर उनले दाजु रणदल पांडेलाई पाल्पा गौंडाको तैनाथी दिलाएको हो ।[१६]

---

७. दिनेशराज पन्त, "आश्रीत राज्य उपर बहादुर शाहले लिएको नीति", पूर्णिमा, वर्ष-२, अंक-२, पूर्णांक-६, वि.सं. २०२२, पृ. ५२ ।
८. चित्तरञ्जन नेपाली, श्री ५ रणबहादुर शाह (व्यक्तित्व र शासनकाल), काठमाडौं: श्रीमती मेरी राजभण्डारी, वि.सं. २०२०, पृ. २९ ।
९. बाबुराम आचार्य, "गोरखा विजयकालका घटना", पूर्णिमा, वर्ष-७, अंक-३, पूर्णांक-२७ वि.सं. २०२९, पृ. १७२ ।
१०. भवेश्वर पंगेनी, "काजी अमरसिंह थापा र पाल्पा विजय", पाल्पा दर्पण (पाल्पाली संगमको प्रकाशन), अंक-३, वि.सं. २०४९, पृ. ४१-४८ ।
११. भवेश्वर पंगेनी, पाल्पा गौंडाको तैनाथवाला र तिनको परिचयः वि.सं. १८६१ देखि २००७ सम्म, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत इतिहास विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका लागि इतिहास केन्द्रीय शिक्षण विभागमा प्रस्तुत शोध-पत्र, वि.सं. २०४५, पृ. १८-४४ (अप्रकाशित) ।
१२ भवेश्वर पंगेनी, "अमरसिंह थापा", त्रिभुवन युनिभर्सिटी जर्नल, भोलम-१५, ईसं. १९९२ जुन, पृ. १३१-१३२ ।
१३. जोन पेम्वल, द इनभेजन अफ नेपाल, अक्स्फोर्ड (लण्डन): क्ल्यारेण्डन प्रेस, ई.सं. १९७१, पृ. २३९ ।
१४. भवेश्वर पंगेनी, "पाल्पाका युवा प्रशासक कर्णेल उजीरसिंह थापा र नेपाल-अंग्रेज युद्धसन्दर्भ", पाल्पा दर्शन, काठमाडौं: जीवन मासिक, वि.सं. २०६१, पृ. ९१-१०७ ।
१५. भवेश्वर पंगेनी, "भीमसेन थापाको पतनका मुखय दीर्घकालीन कारण", नेपाली संस्कृति (चौमासिक सांस्कृतिक पत्रिका), वर्ष-७, अंक-१, वि.सं. २०४७ पुस-चैत, पृ. ४१ ।
१६. काजि दामोदर पांडेका ५ भाइ छोराहरू थिए । तिनमा जेठा ललितबम, माहिला रणदल, त्यसपछि रणजंग, करवीर, जंगकेशर र कान्छा रणकेशर पांडे थिए । भीमबहादुर पांडे क्षेत्री, राष्ट्रभक्तिको झलकः पांडे वंशको भूमिका (वि.सं १५६९-१९०४), काठमाडौं: रत्नपुस्तक भण्डार, वि.सं. २०३४, पृ. २५४ ।

आधुनिक नेपालको इतिहासमा देखा परेका पांडे भारदारहरूमध्ये रणदल काला पांडेको वंशजका थिए ।[१७] प्रस्तुत लेखमा अंग्रेज अधिकारीसमेतले गिरफ्तार गर्न नसकेका भारतीय प्रख्यात डाँकाहरूलाई पाल्पाका प्रशासक उनै रणदल पांडेले गिरफ्तार गरेको घटनासँग सम्बन्धित विषयको शुक्ष्म अध्ययन गर्ने प्रयास गरिएको छ ।

## पाल्पा गौंडामा रणदल पांडेको हैसियत

पाल्पा गौंडा पश्चिम नेपालको महत्वपूर्ण प्रशासनिक क्षेत्र भएकाले केन्द्रीय राजनीतिमा हालिमुहाली गर्ने व्यक्ति वा शासकले आफ्नो विश्वासिलो एवम् निकटतम व्यक्तिलाई यहाँको प्रशासक नियुक्त गरेको पाइन्छ। त्यसैकारण नेपालको एकीकरणपछि पाल्पा पठाइने व्यक्तिको केन्द्रसँग निकटतम सम्बन्ध हुनु स्वाभाविकै थियो। यसै सन्दर्भमा तीन दशकभन्दा लामो समयसम्म मुलुकको शासन संचालन गर्ने भीमसेन थापाको पदच्युतीले नेपालको सत्ता राजनीतिमा प्रत्यक्ष एवम् परोक्ष प्रभाव पार्नु स्वाभाविकै थियो । वि.सं १८९४ साल आषाढ सुदि ११ रोज ५ का दिन भीमसेन थापाबाट फौजी तैनाथी खोसियो भने अर्को महिना अर्थात् साउनमा उनलाई पदबाट नै हटाइएको थियो ।[१८] थापाको पदच्युतीपछि केन्द्रीय राजनीतिमा पांडे भारदारको प्रभुत्व बढ्यो । फलस्वरुप थापा विरोधी पांडे समुहको नाइकेका रुपमा रहेका रणजंग पांडेले मुलुकको शासनव्यवस्थामा प्रभाव पार्न लागे। यस अवस्थामा उनले आफ्ना विश्वासिला व्यक्तिलाई नै मुलुकका महत्वपूर्ण पद एवम् क्षेत्रमा नियुक्त गराउन लागेको देखिन्छ । यसै सिलसिलामा रणदल पांडे पाल्पा गौंडाको प्रशासक बनेका हुन्।

मुलुकको केन्द्रीय राजनीतिमा भाइ रणजंगको प्रभाव शसक्त बनेकाले पाल्पा गौंडामा पठाइएका उनका दाजु रणदल पांडेको प्रभुत्व बढ्नु स्वाभाविकै थियो । त्यसका अतिरिक्त पाल्पा गौंडाको प्रशासकका रुपमा सम्भवतः उनलाई तुलनात्मक हिसावले बढी अधिकार पनि दिइएको हुन सक्दछ । यसको एउटा उदाहरण गोरखपुरभारतका जिल्ला मजिष्ट्रेटसँग पाल्पाका प्रशासकका हैशियतबाट उनको सुसम्बन्धलाई पनि लिन सकिन्छ। भारत स्थित इष्ट इण्डिया कम्पनी सरकारका अधिकारीहरूसँग नेपालभारत सिमा क्षेत्रका प्रशासकहरूले केन्द्रको आदेशमा मात्र निश्चित विषयमा पत्राचार एवम् भेटघाट गर्ने अधिकार पाउँदथे । अन्यथा साधारण कर्मचारीलाई विदेशीसँग भेटघाट तथा पत्राचार गर्ने अधिकार थिएन । यस्तो अवस्थामा गोरखपुरका मजिष्ट्रेट अलकसुन्दरसँग नेपाल तराईको जंगलमा शिकार गर्ने तथा शिकारका लागि नै अलकसुन्दरले रणदल पांडेलाई बेलायती गोली एवम् वारुद उपलब्ध गराउने जस्ता कार्यबाट दुवैबीच सुसम्बन्ध रहेको कुरा अलकसुन्दरले ई. सं. १८३७ अप्रिल ४ (वि.सं १८९४) मा गोरखपुरबाट रणदल पांडेलाई पाल्पामा पठाएको पत्रको हिन्दी रुपान्तरबाट स्पष्ट हुन्छ, जुन यसप्रकार छ,[१९]

*"साहेव मेहरवान्, मेहरवान्‌गि के ज्यादे कर्नेवाले, दोस्तों के. वकसीस् रष्नेवाले, दोस्तौं के सलामत् रषे भगवान् पिछेसै, सौषमुलाकात् लिष्नेसै. कलम्के ज्यादै हैं. दोस्तीके. षिज्मत्मो. कवुलहोगा. आपका षत्. मैं सौगात्. हमारे पास् मो पहुचा. आवनेसैं र्वहत् षुसि हांसिल भया. हम्को भि सिकार खेलने. मिनार दष्नेको वास्ते. ईलाके. तराइ मो गयेथे. इरादाथा कि षुप् सिकार षेलैंगे. लेकिन्. फेर. फिर्नेका इत्तफा पडा. मिनार सव् वेस हैं. हम भि आपकों. दोस्तों जान्कर्के. छर्रावारुद. वेलायतीकों. सिकार. षेलने के वास्ते भेजा हैं. आप्के पासमे पहुंचैगा. दोस्त जान्कर्के. मंजुर किजीयेगा. मिति चौठी ४ अप्रैल. सन् १८३७ इस्वि"*

त्यतिमात्र नभएर पाल्पाको प्रशासकको हैसियतमा उनलाई विभिन्न समयमा भारतका अंग्रेज अधिकारीहरूले गोली, बारुदलगायत विभिन्न किसिमका सामान सौगातका रुपमा पठाउने गर्थे। त्यसवखतको नियमानुसार व्यक्तिगत रुपमा नै भए तापनि विदेशीले दिएको उपहारका वारेमा केन्द्रलाई जानकारी गराउनु पर्दथ्यो। यसै सन्दर्भमा एक पटक रणदल पांडेलाई अंग्रेज अधिकारीले १ थैलो बारुद एवम् डेढ गज

१७ लुडविग एफ. स्टिलर, एस. जे. (सम्पा.), लेटर्स फ्रम काठमाडौं: द कोट म्यासेकर, कीर्तिपुर: रिसर्च सेन्टर फर नेपाल एन्ड एसियन स्टडिज, ई.सं. १९८१, पृ. ७६ ।

१८. चित्तरंजन नेपाली, जनरल भीमसेन थापा र तत्कालीन नेपाल, काठमाडौं: रत्नपुस्तक भण्डार, वि.सं. २१०३५, पृ. ३६-४४ ।

१९. गोरखपुर-भारतका जिल्ला(?) मजिष्ट्रेट अलकसुन्दरले ई.सं १८३७ अप्रिल ४ (वि.सं १८९४) मा पाल्पा गौंडाका प्रशासक रणदल पांडेलाई लेखेको फारसी पत्रको हिन्दी अनुवाद, यो पत्र राष्ट्रिय अभिलेखालय, काठमाडौंको क्रम संख्या-६२ मा रहेको छ ।

वनात कपडा बकसका रुपमा पठाइदिएका थिए । अंग्रेजबाट आफुलाई प्राप्त यी सामग्रीका बारेमा रणदल पांडेले केन्द्रलाई लिखित जानकारी दिएका थिए । सोही जानकारीका आधारमा राजा राजेन्द्रको निर्देशानुसार ति सामानहरू रणदललाई नै लिन भनिएको थियो । त्यतिमात्र नभएर उनलाई प्रशासनिक अधिकार पनि तुलनात्मक रुपमा धेरै दिइएको देखिन्छ । उदाहरणार्थ आवश्यकताअनुसार एक हजार सैनिक भर्ना गर्ने वा व्यवस्था गर्ने अधिकार पनि उनलाई दिइएको पाइन्छ । यसबाट पशिचम नेपालको राजधानीका रुपमा रहेको पाल्पामा रहेको सैन्यशक्रिले मात्र सुरक्षाको बन्दोवस्त मिलाउन नसक्ने भएकाले नै उनलाई त्यति धेरै सैनिक भर्ना गर्ने अविभारा दिइएको हुनुपर्दछ । उनलाइ विश्वास गरेर नै पाल्पा जस्तो महत्वपूर्ण क्षेत्रमा थप एक हजार सैनिकको व्यवस्था मिलाउने जिम्मा दिइएको हो ।

पाल्पामा रहने सैनिक संख्याको सन्दर्भमा रणदल पांडेले केन्द्रमा दिएको जानकारीलाई अध्ययन गर्दा वारुदखाना, सिलखाना, मेगजिन, तोपको कवायत्, पल्टनको काम एवम् अन्य काम तथा हातिघोडाको स्याहारसम्भार गर्ने, घाँस काट्ने, वगैंचामा १४६ जना, १०३ जना घर विदामा र प्युठानामा वन्दुक लिन १०१ जना गएकासमेत जम्मा ३५० जना पल्टनका तल्ला तहमा कार्यरत देखिन्छन् । यो संख्या केवल पिपा, पलासि एवम् सोही दर्जाका जामादारसम्मको हो । यति ठूलो संख्यामा तल्लो दर्जामा कार्यरत पाल्पा गौंडामा सो भन्दा माथिल्ला दर्जामा अझ एक हजार सिपाही थपिनु ठूलै संख्या मानिन्छ । यति धेरै शक्ति रणदल पांडेलाई दिइनुबाट पनि उनको हैशियत चानेचुने नरहेको कुरालाई पुष्टि गर्दछ । यसै सन्दर्भमा बुटवल, स्युराज, खजहनी, माझखण्डलगायत दक्षिणी तराईका जिल्लाको सुरक्षासमेतको व्यवस्था आफै मिलाउनु पर्ने कुरा रणदल पांडेले वि.सं. १८९६ प्रथम जेष्ठ सुदि १ रोज ३ मा तानसेन-पाल्पाबाट श्री ५ को नाममा लेखेको अर्जिबाट स्पष्ट हुन्छ । यो अर्जिमा अन्य कुराका अतिरिक्त देहायका विषय उल्लेख छन्;[२०]

*"... वभनिका राजाको र. नवाफ्को चक्लेदारको. नवाफिकौडिमा नमिलि, तक्रार हुँदा लडाञ्गिरी. राजा भागी आयापछि चक्लेदारले लष्नौ वस्न्या अंगरेजसंग. तेस् राजालाई पक्राइदेउ भन्या को हो भंछन्. आजभोली र. उस् चक्लेदारको पनि वदली भयो भन्यां षवर आउँछ राजा र. हाम्रो जगा षजहनीमा गै वस्याका छन्. अंगरेज्ले आजसम्म त् षोजी गर्‍याजस्तो बुझिदैन. राजा भन्या सरण. पिछामा आइरह्यांछु नवाफका अम्वल्मा. मेरो बन्दोवस्त होइसक्नु कठिन् छ; केहि काला वंजर जगा. ठीका. गरि वक्सनु भन्या. आफ्ना रैयत् पनि ञाहिं झिकाइ वस्ता हु. मेरा्. यो. अर्जि विंती १ मा जाहेर गरिदेउ भनि. वारंवार. ञाहा भनि पठाउँछन्. इन्लाई क्या जवाप दिन्यां हो. जो हुकुम् कुंडुल्याका हुलाक्को मोहर सौपिदिञ्...*

*...ञाहां पल्टन्मा. पिपा. षलासि जामादार समेत् सवै ज्मा. ३५० भर्ना छन् येस्मध्ये. ञाहां वारुदषना. सिल्षना. मेगजिन्. तोपको कवायत्. पल्टन्को काम काममा र १ का हाति घोडाको सह्यार संभार. गर्न्या घास काट्न्या काम. वगैचामा १४६ जना रह्याका छन् १०३ जना घर विदामा गयाका सह्यार संभार. गर्न्या घास काट्न्या काम. वगैंचामा १४६ जना रह्याका छन् १०३ जना घर विदामा गयाका छन्. हाल्. पिउठानामा वन्दुक लिन जान्या १०१ जना छन्. ञाहां वर्साद हुन लाग्याको. आज १२ दिन् भयो. दिनहुँ पानि पर्छ वर्साद हुन लागिरहेछ वर्षाको याम् आयो. रस्तामा. वन्दुक्को संभार पुग्छ पुग्दैछ. आज भोलि. ञाहाँबाट. प्युठाना मेगजिन्मा. पिपा पठाई. सक्यासम्मका वन्दुकहरू. ञाहां झिकाई वर्षावद् ञाहाँबाट. वन्दुक बोकाई चह्राई पठाउन्या काम् गर्‍या. वन्दुक्को सह्यार . संभार रहला कि भन्या भैं लाग्छ. वन्दुक वोकन्या पिपाहरू पठाउँछु हाल वन्दुक्हरू ञाहां झिकाउन्या हो कि. पिउठानैबाट वोकाई सरासर हजूरमा चह्राइ पठाउन्या हो. जो हुकुम्."*

पाल्पाको प्रशासकका रुपमा रणदल पांडेको हैसियतका बारेमा माथिका पत्राचारहरूबाट जानकारी पाउन मद्दत् मिल्दछ । गौंडा प्रशासकका रुपमा मात्र नभइ केन्द्रीय राजनीतिमा पनि उनको प्रभाव रहेको देखिन्छ । जस्तो भारतमा रहेको कम्पनी सरकारका अधिकारीसमेतले गिरफ्तार गर्न नसकेको डाँकुहरूलाई गिरफ्तार गर्न नेपाल सरकारले दिएको

२०. विस्तृत जानकारीका लागि पाल्पा गौंडाका प्रशासक रणदल पांडेले वि.सं १८९६ प्रथम जेष्ठ सुदि १ रोज ३ मा तानसेनबाट श्री ५ सरकारका नाममा लेखेको अर्जि, यो अर्जि राष्ट्रिय अभिलेखालय, काठमाडौंको क्रम संख्या-९३, खाम नं.-९३ मा रहेको छ ।

निर्देशनलाई उनले सहजै कार्यान्वयन गरेका थिएनन् । डाँका गिरफ्तार गर्ने सम्बन्धी केन्द्रको निर्देशनका सम्बन्धमा पुन: विचार गर्नका लागि पांडेले पत्रमार्फत् सरकार प्रमुखलाई अनुरोध गरेका थिए । केन्द्रका पकड भएकै कारण उनमा त्यस किसिमको आँट आएको हो । केन्द्रमा उनको सम्बन्ध कहिलेदेखि कस्तो रहेको थियो. भन्ने विषयको जानकारीका लागि तत्कालीन नेपालको दरवारी राजनीतिमा ध्यान पुऱ्याउनु बाञ्छनीय देखिन्छ।

वि.सं. १८९४ सालमा भीमसेन थापाको पदच्युती हुनासाथै रंगनाथ पण्डितलाई मुख्तियार बनाइएको थियो । तर, उनी एक्लै मात्र मुख्तियार थिएनन् । उनको साथमा अन्य व्यक्ति पनि थिए । रंगनाथको मातहतमा मुलुकी वन्दोवस्त र परराष्ट्र विभाग थियो । त्यस्तै दलभंजन पांडे र रणजंग पांडेलाई जंगीतर्फ मुख्तियार बनाइएको थियो ।[२१] आजको शब्दमा त्यसवखत संयुक्त मन्त्रिमण्डल थियो ।[२२] त्यसपछि मात्र रणजंग पांडेलाई उनको जफत भएको पारिवारिक जमिन फकाईयो भने उनका दाजु रणदल पांडेलाई काजी दर्जा दिइयो ।[२३] यहींदेखि दरवारीया राजनीतिमा रणजंग पांडेको प्रभुत्व वढ्न गएको हो । वि.सं. १८९५ भदौ महिनामा रंगनाथ पण्डितले मुख्तियार पदबाट राजीनामा दिएपछि भर्खरै चीनबाट फर्केको नेपाली प्रतिनिधि मण्डलका नेता चौतरिया पुष्कर शाहलाई मुख्तियारी दिइयो। सोही वर्षको पुसतिर काजी रणजंग पांडेलाई मुख्य मन्त्री वनाइए तापनि मुख्तियारको दर्जा भने दिइएन ।[२४] जेठी रानी साम्राज्यलक्ष्मीको दवावका कारण आखिरमा राजा राजेन्द्रविक्रम शाहले रणजंग पांडेलाई ई.सं. १८४० फेब्रुअरी १४ (वि.सं. १८९७ साल माघ महिनाको आखिरीतिर) मा मुख्तियार (Chief Minister?)[२५] नियुक्त गरे भने ई.सं. १८४० नोभेम्वर १ (वि.सं. १८९८ साल कात्तिक महिनाको मध्यतिर) उनलाई सो पदबाट हटाइयो ।[२६]

यसप्रकार केन्द्रसमेतमा पारिवारिक प्रभुत्व वढेका कारण नै प्रशासक काजी रणदल पांडेले पाल्पाबाट पत्रमार्फत् कुटनीतिक रुपमा केन्द्रमा यसप्रकार सल्लाह दिएका हुन्:[२७]

*"... डाँकु पक्रन्या. नपक्रन्या सल्लाह. अघिदेखि काम्गरी आयाका. बुढा पाका चौतरिया. काजि. भारदारसित सल्लाह लि वक्सनुभयाकै होला. अंगरेज् सितको दोस्ति परसम्म रहन्या ठहराइ. डांकुपक्ति. अंगरेजलाई सपुर्द गऱ्या बढियाहोला भन्या विंति. भारादारहरूबाट पऱ्याकै हुनान्. डांकु पक्रि. अंगरेजलाई सुपुर्द गर्नु भन्या हुकुम आयो अंगरेजसितको दोस्ती. परसम्म. ठहर्न्याभया. आजकाल. अंगरेज्. ठूलो भयाको छ ति. डांकु पक्रि. अंगरेजका सुपुर्द गर्नु वहुत् बढिया देषिंछ. कदाचित् सरणमा आयाकालाइ मार्नु. पक्रनु पक्रियाकालाइ सपुर्द गर्नु भन्या पछि फेरी. दोस्तीमा गड्वडै देषियो भन्या तांहा नेरा १ मा. वहुत् असजिलो पर्ला कि भन्या. सेवक्का चित्तमा आयो र विन्तिगरी पठायाको हो. डांकु पक्रन असजिलो मानिकन होइन कौसल भै १ वाट हुकुम आयाका. कुरालाई कत्ति विलम्व हुन्या छैन..."*

## भारतीय डाँका मंगलसिंह र फत्यसिंहको गिरफ्तारी प्रसंग

नेपाल र भारतबीच खासगरी तराई क्षेत्रमा आवत्-जावत सहज भएका कारण एउटा मुलुकमा आपराधिक क्रियाकलापमा संलग्न भएका अपराधी सुरक्षाका लागि अर्को मुलुकभित्र प्रवेश गर्ने परम्परा लामो समयदेखि भएको पाइन्छ । फलस्वरुप नेपाल-भारत सिमावर्ती तराई क्षेत्रमा भारततर्फबाट आउने डाँकालगायत विभिन्न आपराधिक व्यक्तिहरूले प्राय: दु:ख दिइरहन्थे । उनीहरूद्वारा गरिने लुटपाट एवम् विभिन्न

२१. चित्तरंजन नेपाली, "मुख्तियार रंगनाथ", शारदा, वर्ष-२०, संख्या-६, ७, जेठ-असार, वि.सं. २०१२, पृ. १३४-१३९ ।

२२. त्रिरत्न मानन्धर, नेपाल: द इयर्स अफ ट्रबल (१८७७-१८८५), काठमाडौं: पूर्णदेवी मानन्धर, ई.सं. १९८६, पृ. १२ ।

२३. एफ. स्टिलर, एस. जे., द साइलेन्ट क्राइ; द पिपुल अफ नेपाल: १८१६-१८३९, नेपाल: सहयोगी प्रकाशन, ई.सं. १९७६ पृ. २७५ ।

२४. पांडे क्षेत्री, पाद टिप्पणी नं १६, पृ. १६३ ।

२५. स्टिलर, एस. जे. (सम्पा.), पाद टिप्पणी नं. १७, पृ. ३ ।

२६. विलियम विल्सन हन्टर, लाइफ अफ ब्रिएन हग्टन हड्सन: ब्रिटिश रेसिडेन्ट आएट त कोर्ट अफ नेपाल, न्यूदिल्ली: एशियन एड्केशनल सर्विसेज, ई.सं. १९९१, पृ. १९१ ।

२७. विस्तृत जानकारीका लागि पाल्या गौंडाका प्रशासक रणदल पांडेले वि.सं १८९७ भाद्र सुदि १२ रोज ३ मा तानसेनबाट श्री ५ सरकारका नाममा लेखेको अर्जि, यो अर्जि राष्ट्रिय अभिलेखालय, काठमाडौंको क्रम संख्या-१५०, खाम नं.-१५० मा रहेको छ ।

आपराधिक गतिविधिलाई नियन्त्रण गर्न नेपाल सरकारले समय समयमा सम्बन्धित जिल्लाका प्रशासकलाई विभिन्न अधिकार, निर्देशन, सुरक्षावल एवम् हातहतियारसमेत उपलब्ध गराएको पाइन्छ ।[२८] तर एउटा मुलुकको प्रयासबाट मात्र सिमाना क्षेत्रमा हुने त्यस्ता गतिविधिलाई नियन्त्रण गर्न निकै गाह्रो थियो । यही यथार्थताकै परिणामस्वरुप सोही प्रयोजनका लागि नेपाल र भारत अर्थात् अंग्रेज इष्ट इण्डिया कम्पनी सरकारकाबीच विभिन्न समयमा सम्झौता पनि हुनेगरेका थिए ।

नेपाल-अङ्ग्रेज युद्ध (वि.सं. १८७२-७३) पछि वि.सं १८७३ पौष वदि ४ रोज १ मा भएको सुगौली सन्धि[२९] ले नेपाल र भारतबीच सिमाना निर्धारण गरे तापनि सिमावर्ती क्षेत्रमा हुने गरेका अपराधजन्य क्रियाकलापमा भने कुनै कमी आएको थिएन । फलस्वरुप सुगौली सन्धिको एक दशकजतिपछि अर्थात् वि.सं. १८८४ सालमा दुवै मुलुकबीच यसै विषयमा एउटा सन्धि गरिएको थियो । सन्धिअनुसार कम्पनी सरकारका कुनै नागरिकले आफ्नो देशमा विष दिई वा आगो वाली कसैको हत्यागरी भागी नेपालभित्र बसेको छ भने नेपाल सरकारका अधिकारीलाई हुलियासमेत दिई सूचित गरेमा नेपाल सरकारले त्यस्ता व्यक्ति खोजी दिइएको हुलिया मिल्ने व्यक्ति भेट्टाइएमा कम्पनी सरकारका अधिकारीलाई सपुर्द गर्ने तथा नेपाल सरकारका नागरिकले यस्तो अपराध गरी कम्पनी सरकारको इलाकामा गई बसेको छ भन्ने हुलियासमेतको सूचना नेपालबाट दिएपछि कम्पनी सरकारले खोजी हुलिया मिल्न आएमा पक्रि नेपाल सरकारलाई सपुर्द गर्ने भन्ने थियो । तर दुवै मुलुकबाट बताइएका व्यक्तिवारे दिइएको हुलिया मिलेन भने त्यसमाथि कुनै प्रकारको शंका भएन वा त्यो आफ्नो नागरिक ठहरेमा सपुर्द गर्न नपर्ने कुरासमेत दुवै मुलुकले मन्जुर गरेका थिए ।[३०] उक्त सन्धि गरिएको भए तापनि सिमावर्ती क्षेत्रमा हुने डाँकाको लुटपाटबाट दुवै मुलुक आक्रान्त थिए । फलस्वरुप त्यस्ता क्रियाकलापको नियन्त्रणका लागि नेपाल र कम्पनी सरकारका बीच डाँका सपुर्द गर्ने विषयमा वि.सं. १८९१ सालको कार्तिक महिनामा एउटा सन्धि गरियो । सन्धिमा जुन सरकारको इलाकामा डाँका लाग्दछ, त्यस सरकारले त्यस्ता डाँकालाई गिरफ्तार गरी सजाय गर्ने भन्ने उल्लेख गरियो । यसअनुसार नेपाल सरकारका रैतीले कम्पनी सरकार इलाकामा गई डाँका मार्‍यो भने साविती डाँकालाई कम्पनी सरकारले सजाय गर्ने तथा कम्पनी सरकारका रैतीले आई नेपाल सरकारका सिमानाभित्र डाका मार्‍यो भने नेपाल सरकारले सजाय गर्ने भन्ने कुरामा दुवै सरकार राजी भए । त्यस्तै समातिएका डाँका आफनो नभई अर्को सरकारको रैती ठहरिएमा सो व्यक्ति डाँका हो होइन भनी दुवै सरकारका प्रतिनिधि वसेर पुर्पछे गरिने कुरा पनि सन्धिमा उल्लेख थियो ।[३१] यसै प्रसंगमा उल्लेख्य कुरा के पनि हुन सक्दथ्यो । यस्तो अवस्थामा अपराधी सपुर्द गर्ने कम्पनी सरकारको प्रस्तावलाई कतिपय अवस्थामा नेपाल सर कारले स्वीकार नगरेको हो भन्ने भनाइ पनि पाइन्छ । यति हुँदाहुँदै पनि नेपालले कम्पनी सरकारसँग उपरोक्त सन्धिहरू गरेको थियो ।[३२] यो सन्धिलाई कार्यान्वयन गर्नका लागि नेपाल सरकारले दक्षिणी सीमावर्ती जिल्लाहरू खासगरी डोटी, दाङ, सल्यान, पाल्पा, बुटवल, चितौन, पर्सा, बारा, रौतहट, सर्लाही, सप्तरी, महोत्तरी, मोरङ र विजयपुरका प्रशासकलाई निर्देशन दिएको थियो ।[३३] त्यतिमात्र नभएर कुनै व्यक्ति चोरी र डाँका मारेको कुरामा सावित भएमा ज्यान सजायसम्म हुने कुरा आफ्ना प्रशासनिक क्षेत्रभरिका जनताले थाहा पाउने गरी सार्वजनिक सूचना दिन पनि सरकारले पाल्पा र बुटवलका प्रशासकहरूलाई निर्देशन दिएको थियो ।[३४] सन्धिबाट दुवै

---

२८.क. सुब्बा नैनसिंहलाई जिल्ला सप्तरी, महोत्तरीमा बसी काम गर्ने सम्बन्धी वि.सं. १८६१ साल आषाढ वदी ३० को सवाल । नौ बुंदा उल्लेख भएको यो सवाल जैशिकोठा, पोका नं. २९, सि.नं. ३२४५ बाट उतारिएको हो ।

ख. सुब्बा चन्द्रवीर थापाले विजयपुर, मोरङ, भोटगाउँ, कोसिका दरियावदेखि पूर्व त्रिसोतादेखि पश्चिम गई गर्ने कामसम्बन्धी वि.सं १८६७ साल मिति मार्गसिर वदी ३ रोज ३ को सवाल । १९ बुंदा उल्लेख भएको यो सवाल जैशिकोठा, पोका नं. ९, सि.नं २५ वाट उतारिएको हो ।

२९. योगी नरहरिनाथ, इतिहासप्रंहाशमा सन्धिपत्रसंग्रह (भाग-१), दाङः आध्यात्मिक सम्मेलन, वि.सं. २०२२, पृ. ८६-८८ ।

३०. भवेश्वर पंगेनी, "अपराध नियन्त्रणको प्रयासमा वि.सं. १९०७ को सवाल", अभिलेख, वर्ष-२३, पूर्णांक-२२, वि.सं. २०६२, पृ. ४८-६९ ।

३१. नेपाली, पाद टिप्पणी नं. १८, पृ. १२६-१२७ ।

३२. रमाकान्त, इण्डो-नेपलिज रिलेशन्स, दिल्लीः यस. चन्द एण्ड को., ई.सं १९६८, पृ. १३६-१३७ ।

३३. रेवतीरमण खनाल, नेपालको कानुनी इतिहासको रुपरेखा, प्रकाशन स्थान अनुल्लिखित, श्रीमती सरस्वती खनाल, वि.सं. २०५९, पृ. २२७ ।

३४. शमशेरबहादुर थापा, रणवीरसिंह थापा, ललितपुरः जगदम्बा प्रकाशन, वि.सं २०२३, पृ. १२४ ।

सरकारहरू पारस्परिक रुपमा अपराधीलाई हस्तान्तरण गर्न प्रतिवद्ध थिए । त्यतिभए तापनि दुवै सरकार आफ्ना नागरिकलाई हस्तान्तरण गर्न भने बाध्य थिएनन् ।[३५] त्यसो त कतिपय अवस्थामा कम्पनी सरकारले यी सन्धिलाई वास्ता नगरेको घटनाहरू पनि नपाइने होइन ।[३६]

आफ्ना क्षेत्रमा गिरफ्तार गरिएका विदेशी डाँकालाई सपुर्द गर्ने सम्बन्धी नेपाल-भारतबीच वि.सं. १८९१ सालमा गरिएको सन्धिको मसि सुक्न नभ्याउँदैमा पाल्पा जिल्लाको प्रशासनिक क्षेत्र बुट चारतप्पातिर प्रसिद्ध भारतीय डाँका प्रवेश गरेकाले तिनीहरूलाई गिरफ्तार गर्न नेपालका लागि वेलायती रेसिडेण्टले नेपाल सरकारलाई अनुरोध गरेका थिए । यसवखत विलियम हग्टन हग्सन (William Hougton Hodgson) नेपालका लागि वेलायती रेसिडेण्ट थिए । उनी ई.सं. १८२९ देखि १८३१ सम्म अफिसियटिङ रेसिडेण्ट र १८३३ देखि १८४३ सम्म रेसिडेण्टको हैसियतमा काठमाडौं बसेका थिए ।[३७] नेपाली क्षेत्रमा आएका डाकाहरूलाई गिरफ्तार गरी कम्पनी सरकारलाई सुम्पनका लागि हग्सनले नेपाल सरकारलाई पटक-पटक अनुरोध गरेका थिए । उनको सोही अनुरोध अनुसार सरकारले पनि पाल्पाका प्रशासक रणदल पांडेलाई यसका लागि निर्देशन दिएको थियो । यसैक्रममा ती डाँका गिरफ्तार गर्नका लागि पाल्पा क्षेत्रमा तैनाथ सुरक्षा दस्तालेमात्र नसक्ने भएमा आवश्यक फौजलगायत हातहतियारसमेत केन्द्रले उपलब्ध गराउने कुरा निर्देशनमा उल्लेख थियो । डाँकाको समुह भाग्न नपाउने गरी जसरी भए तापनि गिरफ्तार गरी अंग्रेज सरकारका तर्फबाट सो कार्यमा खटिएका अधिकारीलाई बुझाउने निर्देशन पांडेलाई दिइएको थियो । यो कार्यका लागि आवश्यक सुरक्षाबलका साथ कुम्भेदान अर्थात् आफ्ना मातहतका कर्मचारीलाई सो कार्यमा खटाउन पनि निर्देशन दिइएको थियो । आफ्ना सर हदभित्र आएका डाँकालाई गिरफ्तार गर्ने कार्यमा नेपालका तर्फबाट ठूलो सहयोग हुने कुराप्रति कम्पनी सरकार ढुक्क थियो । त्यस्तै यस कार्यमा पाल्पाली प्रशासक रणदल पांडेलाई सचेत गराएको थियो । डाँकाहरूलाई गिरफ्तार गर्ने क्रममा आवश्यक परेका खण्डमा हतियार पनि चलाउने निर्देशन सरकारले पांडेलाई दिएको थियो ।

डाँकाको गिरफ्तारीका लागि केन्द्रले दिएको निर्देशनबमोजिम रणदल पांडेले पनि आवश्यक तयारीका साथ कुम्मेदान (राजा र जनपदका बीचमा रही काम गर्ने सैनिक भारदार)[३८] मित्रलाल अधिकारी र सुवेदार जसिवन्त कुंवरलाई खटाएको थिए । उनीहरूले डाँकाका बारेमा सुनेका, देखेका एवम् भोगेका विभिन्न कुराहरू विस्तृत रुपमा लेखेर रणदल पांडेलाई पठाइ रहन्थे । सोही आधारसमेतमा पांडेले पनि केन्द्रमा आवश्यक जानकारी पठाउने गर्दथे । पांडेले चिट्ठीमार्फत् एक पटक केन्द्रमा डाँकाका बारेमा यसप्रकारको जानकारी दिएका थिए:[३९]

***मंगलसिंह, फत्यसिंह लगायत उनीहरूको टोलीलाई गिरफ्तार गर्नका लागि अंग्रेजले लामो समयदेखि नै प्रयास गरिरहेका थिए । तर उनीहरूका साथमा महिला पनि भएको, महिला पनि हातहतियारबाट सुसज्जित भएका, डाँकाको ठूलो समुह भएकाले सुरक्षाको दृष्टिबाट उनीहरू विभिन्न समुहमा विभिन्न स्थानमा बस्ने गरेको, यसरी समुहमा बस्दा पुरुषहरूले चौबीसै घण्टा आ-आफ्ना समुहको सुरक्षाका लागि सशस्त्र पहरा दिनेगरेको, मंगलसिंह र फत्यसिंहहरूले आफु जस्तै मंगलसिंह र फत्यसिंह नामका मानिस बनाएका रहेछन्, त्यसैकारण कामका मानिस उनीहरूलाई भेट्न आएमा पनि नक्कली मंगलसिंहसँग मात्र उनीहरूलाई भेट्न र आवश्यक कुरा गर्न दिइने परम्परा भएको कुरा प्रचारमा आएको थियो । यसप्रकार सुरक्षाका साथ बसेका ती डाँकालाई लामो समयदेखि प्रयत्नरत भए तापनि अंग्रेजसमेतले आफ्नो मैदानी भूमिमा गिरफ्तार गर्न सकेनन् । त्यतिमात्र नभएर***

---

३५. त्रिरत्न मानन्धर, "नेपाल एण्ड ब्रिटिश इण्डिया एक्सट्राडिशन इस्युज", जर्नल अफ नेपलिज लिटरेचर, आर्ट एण्ड कल्चर, भोलम-४, नं-२, ई.सं २००२, पृ. १७-२४ ।

३६. ऐजन ।

३७. पर्सिभल ल्याण्डन, हिस्ट्री अफ नेपाल (भोलम-१), दिल्ली: आदर्श इन्टरप्राइजेज, ई.सं. २००१, पृ. २५८-२५९ ।

३८. वासुदेव त्रिपाठी (सम्पा.), नेपाली वृहत् शब्दकोश, काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४०, पृ. २५० ।

३९. विस्तृत जानकारीका लागि पाल्पा गौंडाका प्रशासक रणदल पांडेल वि.सं १८९७ भाद्र सुदि १२ रोज ३ मा तानसेनबाट श्री ५ सरकारका नाममा लेखेको अर्जि, यो अर्जि राष्ट्रिय अभिलेखालय, काठमाडौंको क्रम संख्या-१५०, खाम नं.-१५० मा रहेको छ ।

*उनीहरूलाई गिरफ्तार गर्न खटिएका अंग्रेज अधिकारी स्वयम् यो गिरफ्तारीका लागि हिचकिचाएको आभास पाइन्छ । त्यसैकारण उनी आफुले नभएर नेपाली सुरक्षाबलले गिरफ्तार गरी आफुलाई बुझाइदेउन् भन्ने चाहना राखेको कुरा पनि सार्वजनिक भएको थियो ।*

*यसवखत उनीहरू नेपालको तराई क्षेत्रको भावरमा पर्ने मैदानमा बसेका थिए । भएजति सवै एकै ठाउँमा बसेको भए ठूलो सैन्यशक्तिद्वारा घेरा दिएर भए तापनि गिरफ्तार गर्न सजिलो हुने थियो । तर उनीहरू १/२ कोसको फासलामा समुह-समुहमा बसेकाले गिरफ्तार गर्न पनि निकै कठिन भएको कुरा नेपाली सुरक्षा अधिकारीले महसुस गरेका थिए । यस्तो अवस्थामा धोकाद्वारा सरदार मंगलसिंहहरूलाई गिरफ्तार गर्ने प्रयास गरिए तापनि सक्कली मंगलसिंहहरूलाई भेट्न नै नपाइने थियो ।*

*अर्कातर्फ त्यस बर्ष तराईमा पानी नपरेकाले ढड्डी (एक किसिमको जंगली घाँस) बढेकाले खालि खुट्टाले हिंड्न निकै कठिन छ । त्यसैकारण हात्ती नभएसम्म तराईको जंगली क्षेत्रमा हिंड्न नसकिने कुरा पनि कुमेदानहरूको पत्रका आधारमा रणदल पांडेले केन्द्रमा जानकारी गराएका थिए । यस्तो अवस्थामा ठूलो संख्याका डाँकुलाई गिरफ्तार गर्नका लागि नेपाली तथा भारतीय संयुक्त फौजमात्रले निकै ठूलो लडाईबाट मात्र सकिने जस्तो नेपाली अधिकारीले अन्दाज गरेका थिए । यसरी हुने लडाइ ठूलो हुने र यसमा आफ्नो पक्षको पनि मृत्यु हुनजाने कुरा प्रति पनि अधिकारी सचेत थिए । यस्तो प्रयासबाट पनि गिरफ्तार गर्न नसकेका खण्डमा भने पछि मंगलसिंहहरूबाट सम्बन्धित क्षेत्रका नेपाली अधिकारीलाई खतरा हुने कुरा तर्फ पनि रणदल पांडेले सरकारको ध्यानाकर्षण गराएका थिए । सामान्यतयाः असम्भव जस्तो ठानिएको यो कार्य आफ्नो बहादुरीले भन्दा नेपाल नरेशको प्रतापबाट मात्र सफल हुने कुरासमेत पांडेले व्यक्त गरेका थिए ।*

*नेपालको तराई क्षेत्रमा आएका मंगलसिंहरू कामका मानिस हुन्, निकै शक्तिशाली छन्, गोरखा बहादुर (नेपाल सरकार) को शरणमा आएका छन्, त्यसैले शरणमा आएका मानिसलाई मरण गर्नु हुँदैन भन्ने नेपाली परम्पराअनुसार उनीहरूलाई नेपालले के गर्दछ भने मधेसका राजा, जिमिदार लगायत मानिसहरूले चर्चा गरेको सन्दर्भको पनि पांडेले सरकार समक्ष जानकारी गराएका थिए ।*

मंगलसिंहहरूलाई गिरफ्तार गर्न निकै कठिनमात्र नभएर असम्भवप्रायः भएको जानकारी गराए तापनि रणदल पांडेले सो कार्यका लागि आवश्यक प्रयास भने जारिराखेका थिए । पाल्पा गौडामा पर्याप्त मात्रामा सुरक्षाबल नभए तापनि पल्टनका सुवेदार वाजवर्ण थापा र दुई कम्पनी कोत्यासमेतलाई आवश्यक हातहतियार दिएर त्यसको भोलिपल्ट मंगलसिंहहरूलाई गिरफ्तार गर्नका लागि पठाउने र प्यूठानमा रहेका प्रशासक गर्भू पांडेलाई पनि आफ्नो क्षेत्रमा रहका मेगजिनको काम, पहरा, चौकीको सुरक्षाको वन्दोवस्त मिलाई कमसेकम ३/४ पट्टि (सैनिकको सुवेदारका मातहतको स्यानो टोली)[४०] डाँका गिरफ्तार गर्न तराइमा पठाउन निर्देशन दिइसकेको केन्द्रलाई जानकारी गराएका थिए ।

यथासम्भवः आवश्यक तयारीपछि नेपाली सेनाले गिरफ्तार गर्न सकेकाखण्डमा ती डाँकाहरूलाई कसको जिम्मामा दिने भन्ने पनि महत्वपूर्ण विषय थियो । त्यसैकारण रणदल पांडेले यसका लागि पनि केन्द्रको निर्देशन मागेका थिए । गिरफ्तार गरिएका डाँकालाई सो कार्यमा खटिएका अंग्रेज अधिकारी 'होर्लिस(?)' साहेव बसेको ठाउँमा पुऱ्याएर उनलाई हस्तान्तरण गर्ने हो वा के गर्ने भन्ने उनको जिज्ञासा थियो । यी भारतीय डाँकाहरूलाई गिरफ्तार गर्ने कार्यका खटिएका कुमेदान, सुवेदार हरूलाई आवश्यक घोडा, हातहतियारलगायत रुपैयाँ र खाद्यान्न पनि दिइने कुरा राजधानी काठमाडौमा रहेका व्रिटिश रेसिडेण्टले भनेको भन्ने कुराको रिपोर्ट राजासमक्ष परेको भन्ने विषयमा कुमेदानहरूसँग यथार्थ जानकारी लिएर सोहीबमोजिम रिपोर्ट गर्ने पनि रणदल पांडेले केन्द्रमा लेखि पठाएका थिए ।

## डाँकाको गिरफ्तारी

मंगलसिंहहरूलाई गिरफ्तार गर्न आवश्यक प्रयास गरिरहेको बेहोरा उल्लेख गरी श्री ५ को नाममा अर्जि लेखेको झण्डै एक महिनापछि रणदल पांडेले पुनः एउटा अर्जि श्री ५ को नाममा

४०. त्रिपाठी (सम्पा.), पाद टिप्पणी नं. ३८, पृ. ७६८ ।

लेखेका थिए । यस पटक भने उनले नेपाली अधिकारीको प्रयासमा अंग्रेजले निकै अघिदेखि खोजी गरिरहेको प्रशिद्ध एवम् खतरनाक डाँका सरदार मंगलसिंहलाई गिरफ्तार गरी सो कार्यमा खटिएका अंग्रेज अधिकारी 'हर्लिस' साहेव समक्ष पुऱ्याइदिने कुरा उल्लेख गरेका थिए । कुमेदान मित्रलाल पाध्या र सुवेदार जसिवन्त कवरको निकै ठूलो प्रयास एवम् मेहनतबाट मात्र यो कार्य सफल हुन सकेको थियो । डाँकाको सरदारको गिरफ्तारीबाट अंग्रेजले नेपालप्रति अझ सद्भाव राख्ने भएकाले सम्बन्धित अधिकारी प्रसन्न हुनु स्वाभाविकै देखिन्छ ।

मंगलसिंहलगायतलाई नेपाल भूमीमा नेपाली सेनाले गिरफ्तार गरेकोमा उनका बाँकी साथीहरू आक्रोशित भई नेपालका विभिन्न क्षेत्रमा लुटपाट तथा अन्य असामाजिक कार्यमा संलग्न भई शान्ति सुरक्षा भंग हुनसक्ने सम्भावनालाई पनि रणदल पांडेले नजरअन्दाज गर्न सक्ने कुरै थिएन । त्यसमाथि उनीहरूलाई गिरफ्तार गर्न खटि्एका अंग्रेज अधिकारी हर्लिसले उक्त डाँकुको समुहमा २५ हजार मानिस संलग्न रहेको कुरा उल्लेख गरेर रणदल पांडेलाई पत्र पठाएको भए तापनि आफ्नो समुहमा ५० हजार मानिस संलग्न रहेको कुरा मंगलसिंहले बताएको भन्ने चर्चा पनि त्यसवखत व्यापक रुपमा फैलिएको थियो । उनीहरूको समुहमा २५ हजार वा ५० हजार जतिसुकै संख्यामा मानिसहरू संलग्न भए तापनि यो संख्या निकै ठूलो मानिन्छ । यति ठूलो संख्यामा रहेको डाँकाको समुहमध्ये नेपाली सुरक्षाबलले सरदार मंगलसिंह र उनका साथ जम्मा २१ जनालाई गिरफ्तार गर्न सकेका थिए । यस अवस्थामा बदलाको भावनाका साथ डाकाहरूले पाल्पा गौंडा तथा यसको छिमेकमा अव्यवस्था मच्चाएका खण्डमा उनीहरूमाथि प्रत्याक्रमण गर्न के कसो गर्ने हो भन्ने डर पनि रणदल पांडेलाई थियो । त्यसैकारण उनले यस्तो अवस्थामा उनीहरूले जुन क्षेत्रमा धावा गर्लान् सोही क्षेत्रमा गएर प्रत्याक्रमण गर्ने वा के गर्ने भन्ने सल्लाह एवम् निर्देशनका लागि पनि केन्द्रसँग अनुरोध गरेका थिए ।[४१] उल्लेख्य कुरा के पनि देखिन्छ भने अंग्रेजले गिरफ्तार गर्न नसकेको कुख्यात डाँकाको सरदार मंगलसिंहलाई नेपाली सेनाले गिरफ्तार गरिदिएको यो घटनाबाट सिमावर्ती क्षेत्रमा नेपालको हैसियत र शक्ति निकै राम्रो देखिन्छ ।

मंगलसिंहलाई नेपालको कुन ठाउँमा गिरफ्तार गरिएको हो भन्ने स्पष्ट पार्ने सामग्री प्राप्त नभए तापनि उनीहरूलाई सम्भवतः बुटवल चारतप्पा क्षेत्रमा गिरफ्तार गरिएको हुनुपर्दछ । किनभने यस गिरफ्तारीबाट उम्केका डाकाहरूले तुलसिपुरका गोठमा लुटपाट मचाएको र एक जना नेपाली अजिटनको हत्या गरेको भन्ने कुरा पनि त्यसवखत सो क्षेत्रमा फैलिएको थियो । त्यतिमात्र नभएर गिरफ्तार गरिएका आफ्ना सरदार मंगलसिंहलाई छुटाउने प्रयास गरिएको भन्ने भनाइ पनि पाइन्छ ।[४२]

डाँकाहरूको गिरफ्तारीका सम्बन्धमा पहिले पाएको जानकारीका अतिरिक्त रणदल पांडेले कुमेदान मित्रलाल पाध्याले पछि पठाएको जानकारीबमोजिम उनीहरू डाँकुका सरदार मंगलसिंह र फत्येसिंहलाई गिरफ्तार गर्न सफल भएका थिए । यसरी गिरफ्तार गरिएका डाँकुका सरदारलगायतलाई कुमेदान मित्रलाल पाध्याले सम्बन्धित अंग्रेज अधिकारी समक्ष वैधानिक रुपमा सपुर्द गरेका थिए । अर्थात् यो सपुर्दगीपछि उनले सोको लिखत अर्थात् रसिद लिने काम गरेका थिए । डाँका गिरफ्तार गर्दा विभिन्न कार्यका लागि रु. ४००/- खर्च भएको थियो । यो खर्च रकम सरकारले कुमेदानलाई उपलब्ध गराएको थियो । डाँकालाई गिरफ्तार गर्ने कार्य सकिएकाले सो कार्यमा खटिएका नेपाली अधिकारी कुमेदान मित्रलाल पाध्यालाई तराई क्षेत्रबाट पाल्पा बोलाइएको थियो । उनी पाल्पा फर्कदा सुवेदार दर्जासम्मका १/२ जनाको नेतृत्वमा त्यहाँ रहेको सबुज पल्टनका १०० नाल अर्थात् एक सय जवान सैनिकलाई डाँकाद्वारा हुनसक्ने खतराबाट बच्नका लागि सतर्कताका साथ तैनाथ गरिएको थियो । अर्थात् डाँकाले पाल्पाको सदरमुकाम तानसेनमाथि पनि आक्रमण गर्नसक्ने सम्भावनाका कारण त्यस किसिमको सतर्कता अपनाइएको हो ।

---

४१. विस्तृत जानकारीका लागि पाल्पा गौंडाका प्रशासक रणदल पांडेले वि.सं १८९७ आश्विन सुदि २ रोज १ मा तानसेनबाट श्री ५ सरकारका नाममा लेखेको अर्जि राष्ट्रिय अभिलेखालय, काठमाडौंको क्रम संख्या-१६४, खाम नं-१६४ मा रहेको छ ।

४२. विस्तृत जानकारीका लागि पाल्पा गौंडाका प्रशासक रणदल पांडेले वि.सं. १८९७ कार्तिक वदि ९ रोज २ मा तानसेनबाट श्री ५ सरकारका नाममा लेखेको अर्जि, यो अर्जि राष्ट्रिय अभिलेखालय, काठमाडौंको क्रम संख्या-१२३, खाम नं. १२३ मा रहेको छ ।

मंगलसिंहहरूको गिरफ्तारीका सन्दर्भमा उल्लेख्य कुरा के पनि देखिन्छ भने नेपाल र कम्पनी सरकारकाबीच वि.सं. १८८४ सालमा भएको सन्धिमा अन्य विषयका अतिरिक्त गिरफ्तार गरिएका चोरलगायतसँग भएका सामानसमेत जफतगरी स्थानीय अमालीसमक्ष पुऱ्याउनु पर्ने कुरा उल्लेख थियो । सोही बमोजिमको शर्तलाई कार्यान्वयन गर्न पनि तराई क्षेत्रमा खटिने अधिकारीलाई निर्देशन दिइएको पाइन्छ ।[४३] सम्भवत: सोही शर्तअनुसार मंगलसिंहहरूलाई गिरफ्तार गरेकाले उनीहरूका साथबाट प्रशस्त धनमाल प्राप्त हुनसक्ने कुरामा नेपाल सरकार विश्वस्त देखिन्थ्यो । त्यसैकारण उनीहरूबाट प्राप्त भएका सम्पूर्ण नगद एवम् जिन्सि सामग्रीको विवरण सरकारलाई दिनु पर्ने पनि रणदल पांडेलाई निर्देशन दिइएको थियो । त्यतिमात्र नभएर ती डाँकाहरूलाई गिरफ्तार गरी सघाउने नेपाली अधिकारीलाई अंगेजले ठूलो परिणाममा इनाम दिएको वा दिनेछ भन्ने पनि सरकारको धारणा थियो । त्यसैकारण प्राप्त हुने त्यस्ता इनाम वा बकस पनि सरकारलाई बुझाउन भनिएको थियो । यसका साथै डाँका एवम् अंग्रेजबाट प्राप्त भएका सम्पूर्ण सामग्री वा नगदको फिरिस्तसमेत सरकारमा जाहेर गर्न भनिएको थियो । सरकारको यो निर्देशानुसार डाँकाबाट प्राप्त भएका सामग्री तथा अंग्रेजबाट दिइएको इनामका सम्बन्धमा कुनै पनि जानकारी प्राप्त नभएकाले हालमा सो सम्बन्धमा आफुले केही पनि भन्न नसक्ने कुरा रणदल पांडेले पत्र मार्फत् श्री ५ सरकारलाई जाहेर गरेका थिए । त्यतिमात्र नभएर प्राप्त सामग्री एवम् नगदका बारेमा सम्बन्धित अधिकारी कुमेदान मित्रलाल पाध्याबाट जानकारी पाएपछि मात्र केन्द्रमा विवरण पठाउने उनले प्रतिवद्धता जनाएका थिए ।

डाँकाहरूलाई गिरफ्तार गरी अंग्रेजलाई हस्तान्तरण गरिंदासम्म तथा अंग्रेजलाई बुझाइसकेपछि मंगलसिंहसँग भएको वार्तालापको विवरण पनि रणदलले केन्द्रको जानकारीका लागि पत्रमा उल्लेख गरेका थिए । त्यस्तै मंगलसिंहहरूलाई गिरफ्तार गरी सघाउने पाल्पाका प्रशासक रणदल पांडेलाई अंग्रेजले निकै ठूलो इनाम दिनेछ भन्ने भारतमा भएको चर्चासमेत रणदल पांडेले लेखेर यसप्रकार जानकारी दिएका थिए;[४४]

> *"...अंगरेज् इनाम् दिया नदियाका कुराका अर्थ. मंगलसिं सर्दार पक्री. सपूर्त गर्न जान्या ज्मादार. कांसिराम् धर्ति आइपुग्या र विस्तार सोध्दा. मंगलसिंलाई षटौलाको सवारी गराइ. चौतरफी चारज्को हातसित. सिपाही राषी गयाका थिञौ. पैल्हे उस्लाई देषन्या. हल्कारा पठायो र. हेरि. हां. मंगल्सिं सर्दार है. भनिगयो. फेरी मुन्सी आयो. हेरी गयो. मुन्सि सितसँगै भै. आंफु आयो र. मंगलसिं वादसाह सलाम् भनि हात उठाइ. सलाम् गऱ्यो. मंगलसिं पनि षटौलाबाट उत्री, .सलाम् गऱ्यो. किउं मंगलसिं वादसाह. हम्ने तुम्को षतिर षके. चिठी. कैद फे लिषा. तुम् किउं नआया. आउतेतो. तुम् वडा आद्मि होता. तुम्को राज मिल्ता. राजाहोते. नआये. येत्ताफ जियत् पाया. भनि. मेघडवन् साहेव्ले भन्यो र. तुमारा. हमारा मुलाकात् होनेका हमारा करम्मे. इसितरह से लिषाथा. हुवा. अगाडि राज् मिल्ता तो. अवभि मिलेगा. राज् नमिल्तातो. अवभि नमिलेगा. इसमे क्या है. जो हमारा किस्मत् मे लिषाहै. सोइ होगा. भनि मंगलसिंले जवाफ दियो. रिसालाको ज्मादारले. किउं मंगलसिं. जव् साहेवका परवाना गयाथा. तुम्को राज् मिलता् आउतेती. जैसा फजियेत् नहि पाउतेती. भनि भन्यो र. जव् हमारे हातमे. कवुजाथा. वडे वडे. राजे हमारे पयेरमें. गिर्तेथे. अव अैसे.. अैसे गिदड भि. मंगलसिं कहने लगे भनि. मंगलसिंले भन्यो. किउं तुम्को कुछ षवर है. मंगलसिं वादसाह. के दो चार ये पलटन् नवाफ्का फौज. जगे जगेका राजाका फौज हो कर्के ६ सवा कोस् के धावा कर्के. मंगलसिं वादसाह को. तिन् वरस हुवा. पकड्ने नहिसके. गोर्षा २ से दोस्ती होने से. हमारे साहेव्ने २ के हजूर मा....ए*

---

४३. लेफ्टेन हिराप्रताप सिंलाई मोरङ, विजयपुर, सप्तरी, बारा, पर्सा, चितवन, वेलौन, सजौट कालीपूर्व मेची पश्चिम महाभारत दक्षिणका जंगल र सिमानामा गई गर्ने काम सम्बन्धी वि.सं. १८८५ साल वैशाख सुदी ९ रोज ३ को सवाल । १६ बुँदाको यो सामग्री जैशीकोठा पोका नं १६, सि.नं ७७ बाट उतारिएको हो ।

४४. विस्तृत जानकारीका लागि पाल्पा गौंडाका प्रशासक रणदल पांडेले वि.सं १८९७ कार्तिक वदिमा तानसेनबाट श्री ५ सरकारका नाममा लेखेको अर्जि, यो अर्जि राष्ट्रिय अभिलेखालय, काठमाडौंको क्रम संख्या-४३८, खाम नं-४३८ मा रहेको छ ।

*... मंगलसिं वादसाहको. पकड्नेके वास्ते. इतलाय किया. नाजिं वुटवल्के काजी साहेव रणदल पांडेको मंगलसिं वादसाहको पकडो कहके. लालमोहर आया. वडा तर्किफ से. काजि साहेवने पकडा गया. क्या वात् हैं. इस्वातका वयान् लाठ्साहेव्से. वेलायत् मे. जाहेर होगा.वेलायत्से. लठ्साहेवको हुकुम आवैगा २ को तोफा चिज्. आवैगा काजिसाहेवको. तोफचिज् पल्टनको इनाम् नेपालम् मे रहनेवाला. रजिडंट साहेव् के पास. आवैगा. फेर २ के हजूर्मे साहेव्लोग से. तोफाचिज. गुज्रेगा २ से काजिसाहेवके पास आवैगा. काजिसाहेवने. पल्टन्का. इनाम. वांटाम जायगा. वडा इनाम् होगा भनि. साहेवले भन्या. इनाम् त दियेनन् भनि ज्मादार कासिराम घर्तिले विस्तार गऱ्या. मुन्सी आइपुग्यापछि. जे भयाको निस्तुक षवरलेषि चह्राइ पठाउंला...*

*... डाँकुहरू छेउको. लुट्पिटको हात लाग्याको. कस्कस्छेउ. क्या क्या छ कति कति छ तांहां रहन्या वाट सो. षसोषास् लेषाइ लिनु त्राहांबाट पठायाका सुवेदार. ज्मादार समेत् पट्टि तांहांराषी. हुकुम् वमोजिम् फेला पऱ्याका डांकुहरू पक्रि. अंगरेज्का सपूर्तगरी रसित लिनू भन्या कुरा कुम्मेदान्लाई लेषी पठांत्रा. उन्हरू आइपुग्यापछि उन्हरूले कह्याको विस्तार समेत् डांकु पक्रंदामा लुट्.पीट् गरी जस्जस्ले ज्या ज्या लियाको होला. जनोजांत् तप्सील लेषी फर्द उतारी चह्राइ पठाउन्या काम् गरुला. जो हुकुम भै आवला सो वमोजिम गर्नान्. मुन्सी आइपुग्यापछि ति डांकुहरूका जियलाइ. केहि नहवस् भन्या बढिया वेहोराको मेरो चिठी. डांकु पक्रन आउन्या साहेवलाई लेषी पठाउन्या काम् गरुला..."*

समग्रमा आफ्नो प्रशासनिक क्षेत्रमा आएका कुख्यात भारतीय डांकाहरूलाई गिरफ्तार गर्नु पाल्पाली प्रशासक रणदल पांडेका निम्ती निकै चुनौतिपूर्ण थियो । तथापि उनले यस कार्यलाई सम्पन्न गरेर सरकार एवम् अंग्रेज समक्ष आफ्नो पराक्रम देखाइदिए ।

## उपसंहार

नेपालको एकीकरण कार्यमा ज्वाइँ नायक बहादुर शाहलाई महत्वपूर्ण सहयोग गरेको पाल्पा राज्य नेपालमा मिलाइएपछि पनि केन्द्रीय राजनीतिमा उल्लेख्य योगदान दिएको थियो । यसको पहिलो एवम् उल्लेख्य योगदान नेपाल-अंग्रेज युद्धमा पाल्पा गौंडाको प्रशासक कर्णेल उजीरसिंह थापाले अंग्रेज कमाण्डर जनरल उडलाई नराम्रोसँग पराजित गर्नु नै थियो। उजीरसिंह पछि प्रशासकका रुपमा पाल्पा पठाइएका व्यक्तित्वहरूबाट पनि यस गौंडाको महत्व स्पष्ट हुन्छ । यसै सन्दर्भमा रणदल पांडे पाल्पा पुगेर केन्द्रलाई सल्लाहसमेत दिने हैसियत राख्नु पनि आफैमा उल्लेख्य देखिन्छ । त्यतिमात्र नभएर पाल्पा, बुटवल चारतप्पा, प्युठान, सल्यानलगायत पश्चिमी नेपालको सुरक्षामा पाल्पाको महत्वपूर्ण भूमिका देखिन्छ । त्यस्तैमा रणदल पांडेले अंग्रेजसमेतले गिरफ्तार गर्न नसकेका कुख्यात डाँकाहरूलाई आफ्नो प्रशासनिक क्षेत्रमा गिरफ्तार गरी अंग्रेजलाई नै हस्तान्तरण गरिदिएर कार्यकुशलताको प्रदर्शनमात्र गरेनन् अपितु उनले अंग्रेजको सामु पाल्पा गौंडा एवम् नेपालकै इज्जत राख्न सफल भए । त्यसो त मंगलसिंहहरूलाई गिरफ्तार गर्ने क्रममा कतिपय नेपाली सैनिकहरूको मृत्यु भएको थियो भने यो अभियानमा संलग्न भएका कतिपय विरामी पनि परेका थिए । यो सफलताका लागि प्रत्यक्ष संलग्न हुने कुमेदान मित्रलाल पाध्या र सुवेदार जसिवन्त कवरको योगदानको कदर गर्नु नै पर्दछ । तर, यो अभियानको नेतृत्वकर्ता रणदल पांडे जस्ता योग्य प्रशासकलाई पाल्पाली लगायत मुलुकले नै सम्मान गर्नुपर्ने देखिन्छ ।